
# लेखापरीक्षण प्रतिवेदन

# महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82

मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/29

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु

## कैफियतसहितको राय

हामीले महाकुलङ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

**हाम्रो रायमा,**यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ती र भक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.४ करोड ३५ लाख ६ हजार र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रू. ३ करोड २२ लाख ७३ हजार समेत रू. ७ करोड ५७ लाख ७९ हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।

२. गाउँपालिकाको रू. ८४ करोड ७३ लाख ८ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा ६० सैद्वान्तिक दफा सहित रू.३ करोड ९७ लाख ७४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त भएकोमा छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. २ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २८ लाख ९ हजार र नियमित गर्नुपर्ने रु. ३ करोड ६७ लाख २१ हजार रहेको छ। गतवर्षसम्म रु. ७ करोड १७ लाख १२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड १३ लाख २२ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने महाकुलुङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

महाकुलुङ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी महाकुलुङ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्हित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

**बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | २९ | ३,९७,७४,१२१ | ० | ० | ० | ० | ६३ | २९ | ३,९७,७४,१२१ | २,४३,००८ | ३,६७,२१,१६८ | २८,०९,९४६ | ० | ० | ३,९५,३१,११४ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | ७,१७,१२,००० | 0 | १,०१,६३,७९१ | ६,१५,४८,२०९ | 0 | ३,९७,७४,१२१ | १०,१३,२२,३३० |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | २४.६/२४.७ | खरिद तथा निर्माण कार्यको अवस्था | ५,८८,०९५ |
| २ | २०७८/७९ | ४३ | कार्यसम्पन्न प्रमाण | ५४,००,००० |
| ३ | २०७७/७८ | ६० | सफ्टवेयर खरिद | ७,९८,६२७ |
| ४ | २०७७/७८ | २८ | असम्बन्धित खर्च | २,७९,००० |
| ५ | २०७७/७८ | ४८ | स्यानिटरी प्याड | ८,१२,२४४ |
| ६ | २०७६/77 | २० | भेरिएसन | ५,५९,७३९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७5/76 | १९ | शीर्षक फरक | १,५९,००० |
| ८ | २०७४/७५ | १४ | वेरितको खर्च | ९,६०,००० |
| ९ | २०७४/७५ | १६ | फर्निचर | १,००,००० |
| १० | २०७४/७५ | २० | करार | १५,००० |
| ११ | २०७४/७५ | २७ | खरिद | १,०९,४०० |
| १२ | २०७४/७५ | ३१ | भ्रमण खर्च | ९९,८०० |
| १३ | २०७४/७५ | ३९ | लक्षित कार्यक्रम | २,८२,८८६ |
| जम्मा | | | | १,०१,६३,७९१ |

# (८०१०९५०५३०० - महाकुलुङ गाउँपालिका, सोलुखुम्बु )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।११ देखि २०८१ ।०६।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ८४,७३,०८,३५२.२८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको स्थिति**

२.१ वित्तीय प्रतिवेदन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नअनुसार देखिएको छः-

१. महाकुलुङ गाउँपालिकाको एकिकृत आर्थिक विवरण

| महाकुलुङ गाउँपालिकाको एकिकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | | **८६९३६७१३।१६** | **१** | **चालु खर्च** | | २०२२८३८६९।२६ |
| | क) संचित कोष | ६८६८९३०८।०१ | | **२** | **पूँजीगत खर्च** | | १३४२११५५२ |
| | ख) धरौटी खाता | ११९९४७९७।२७ | | **३** | **वित्तिय व्यवस्था भुक्तानी** | | ० |
| | ग) विविध खर्च खाता/कोष | ५०५२५३३।८८ | | | क) ऋण भुक्तानी | ० | |
| | घ) प्रकोप व्यावस्थापन कोष | १२०००७४ | | | ख) ब्याज भुक्तानी | ० | |
| **२** | **राजस्व ( आन्तरिक आय)** | | **८५९७५८३६।४३** | **४** | **लगानी** | | ० |
| | क) आन्तरिक राजस्व | १९५००७५ | | | ऋण लगानी | ० | |
| | ख) संघीय राजस्व बाँडफाँड | ८०३३१८४९।७७ | | | शेयर लगानी | ० | |
| | ग) प्रदेश सवारीसाधन कर | ३०९९६५८।४६ | | | अन्य लगानी | ० | |
| | घ) अन्य आय + | ५९४२५३।२० | | **५** | **विभिन्न कोषतर्फको खर्च** | | **१४१८०४०८।०७** |
| **३** | **वित्तिय हस्तान्तरण संघ** | | **१९९७३७०००** | | क) विविध खर्च खाता/ कोष | १३६५१०९९।०७ | |
| | क) वित्तिय समानीकरण अनुदान | ८५६५३००० | | | ख) प्रकोप व्यावस्थापन कोष | ० | |
| | ख) सशर्त अनुदान | ११४०८४००० | | | ख) धरौटीफिर्ता | ५२९३०९ | |
| | ग) समपूरक अनुदान | ० | | **६** | **जनश्रमदान फिर्ता** | | |
| | घ) विशेष अनुदान | ० | | | | | |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१८७४२१०३** | **७** | **अनुदान फिर्ता** | | **९१६४५०३।२१** |
| | क) वित्तिय समानीकरण अनुदान | ५६४४००० | | | क) संघीय सरकार तर्फ फिर्ता | ८३९९९२२।२१ | |
| | ख) सशर्त अनुदान | ४०५१००० | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | ७६४५८१ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) समपुरक अनुदान | ९०४७१०३ | | ८ | **मौज्दात** | | **६२९३८९३९।९८** |
| | घ) विशेष अनुदान | ० | ० | | क) सञ्चित कोष खाता | ३८६३०३२९।८५ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | **७५७७९३५९।३१** | | ख) चालु खर्च खाता | ० | |
| | क सामाजिक सुरक्षा | ४३५०६०८२।३१ | | | ग) पुजिगत खर्च खाता | **०** | |
| | ख) गरिव संग विश्वेश्वर | | ० | | घ) धरौटी खाता | १८१६३५४९।२७ | |
| | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३२२७३२७७ | | | ङ) प्रकोप व्यावस्थापन कोष | १२०००७४ | |
| | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | 0 | | | च) विविध खर्च खाता/कोष | ४९४४९८६।८६ | |
| ६ | **अन्य** | | **२७९९४८४।०७** | ९ | **जनश्रमदान मौज्दात** | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | ० | | १० | **अन्तरसरकारी वित्तीय खर्च** | | **७५७७९३५९।३१** |
| | ख) सडक बोर्ड नेपाल | ९००००० | | | एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३२२७३२७७ | |
| | ग) पर्यटन बोर्ड नेपाल | १८९९४८४।०७ | | | सामाजिक सुरक्षा | ४३५०६०८२।३१ | |
| | घ) एन एन एस डब्लु ए | | ० | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | **१७४४२१२८।९८** | | **दोहोरो कर भुक्तानी** | | ३३३७०।८८ |
| | क) विविध खर्च खाता/कोष | १०७४४०६७।९८ | | | | | |
| | ख) प्रकोप व्यावस्थापन कोष | ० | | | | | |
| | ग) धरौटी आय | ६६९८०६१ | | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त** | | **१११७९३७७।७६** | | | | |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | ० | | | | |
| ११ | **अन्य विविध आय** | | ० | | | | |
| | **जम्मा** | | **४९८५९२००२।** | | **जम्मा** | | **४९८५९२००२।** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ७१ | | | | ७१ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.न. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | ३१४०१०१२३- सामाजिक सुरक्षा तथा सरंक्षण | ४७२५०६४८.०० | ४३५०६०८२.३१ |
| २ | ३७०००११६४- एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ४९७५२०००.०० | ३२२७३२७७.०० |
| ३ | ३७०००११४३- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८७१५०००.०० | ०.०० |
| जम्मा | | १०५७१७६४८.०० | ७५७७९३५९.३१ |

२.३ फरक हिसाब- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१३५४३५५२.०५, यस वर्षको प्राप्ति रु. ७१८१२५१०२.९८ यस वर्षको भुक्तानी रु.८९९९३१३८.२६ र बैङ्क मौज्दात रु.३३३७०.८८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १००४८०२६५.२१ | ३०६४६९८१३.९८ | ३३६४९५४२१.२६ | ६२९७२३१०.८६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८६९३६७१३.१६ | ४११६५५२८९.०० | ४२६४८८५५९.५२ | ६२९३८९३९.९८ |
| फरक | १३५४३५५२.०५ | १०५११८५४७५.०२ | ८९९९३१३८.२६ | ३३३७०.८८ |

२.४ बैङ्क हिसाब विवरण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैँक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैँक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) फरक देखिएन । पालिकाले देहाय बमोजिम श्रेस्ता अनुसार अषाढ मसान्तको बैँक मौज्दात रु.६,२९,७२,३१०.८६ देखिएकोमा सो अवधिमा बैँक अनुसार बैँक मौज्दात रु.६,२९,३७,०५८.८६ देखिएको छ ।

| सकेंत | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रू. | बैंक अनुसार बाँकी रू. | फरक |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्वखाता | ० | 0 | ० |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | ३,८६,६४,६४१.१३ | ३,८६,३०,३२९.८५ | ३४,३११.२८ |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | १,८१,६३,५४९.२७ | १,८१,६३,५४९.२७ | ० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ९४०.४ | ० | ९४०.४ |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.७ | विविधखर्च खाता | ४९,४४,९८६.८६ | ४९,४४,९८६.८६ | ० |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | १२,००,०७४.०० | १२,००,०७४.०० | ० |
| | **जम्मा** | ६,२९,७२,३१०.८६ | ६,२९,३७,०५८.८६ | ३५,२५२.०० |

२.५ कर दायित्व- पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.९४०.४० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन ।अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

## ३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रु. ३५ करोड १७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।३० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा गाँउपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाँउपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वियन र अध्यावधिक अभिलेख नराखेको, गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बिद्यालय अनुगमन गर्न

मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु संम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ५ आन्तरिक आयको स्थिति

५.१ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९७०५७९४६ | १९५००७५ | ०.६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु.९२००.०० कर सङ्कलन गरेको देखिन्छ ।पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

## ६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९४०००००.०० | १२७७०२६०.८ | ३.७७ |
| २ | सामाजिक क्षेत्र | १६८४४९८७९.०० | १५३००६८०५.०९ | ४५.४८ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १३५८८३८२५.७६ | ११२२७१९५७.०० | ३३.३७ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| ५ | संस्थागत विकास र सेवाप्रवाह | ० | ० | ० |
| ६ | वित्तीय व्यवस्थापन र सुशासन | ० | ० | ० |
| ७ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ७३२६००७४.०१ | ५८३८९०९२.१० | १७.३६ |
| **जम्मा** | | ३९६९९३७७८.७७ | ३३६४३८११५.०० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक बिकासमा सबै भन्दा घटी ३.७७ प्रतिशत र सामाजिक विकास सबै भन्दा बढी ४५.४८ प्रतिशत रहेको छ।

## ७ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | समानीकरण अनुदान | ७३५५८ | ४९१ | १०८१ | १२७९२ | ५९१९४ | ४४७९३ |
| २ | आन्तरिक स्रोत | ४१९४४ | १२६ | ३२५८ | १८१० | ३६७५० | २७३९४ |
| ३ | राजस्व बाँडफाड | ७२६० | ३६३० | ० | ६७४ | २९५६ | २९५६ |
| ४ | संघीय शसर्त अनुदान | ३०७३ | ० | ० | ६४० | २४३३ | २४३३ |
| ५ | प्रदेश समपुरक अनुदान | ९०४७ | ० | ० | ० | ९०४७ | ९०४७ |
| ६ | प्रदेश शसर्त अनुदान | ९५७ | ० | ० | ० | ९५७ | ९५७ |
| **जम्मा** | | **१३५८३९** | **४२४७** | **४३३८** | **१५९१६** | **१११३३७** | **८७५८०** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१३५८३९.०० (रु. हजारमा) पुजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४२४७.०० (३.१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४३३८.००(३.२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १५९१६.०० (११.८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रु. १११३३७.०० (८१.९ प्रतिशत) र अषाढमा महिनामा मात्र रु. ८७५८०.००(६४.५ प्रतिशत) खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ८ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू.१९५००७५.०० तथा राजस्व बाँडफाँडबाट रू.८४०२५७६१.४३ र अनुदानबाट रू.२९७०५७९४६.३८ समेत रु. ३८३०३३७८२.८१ आम्दानी भएकोमा चालु तर्फ रु.२०२२८३८६९.२६ र पूँजिगत तर्फ रु.१३४२११५५२.०० समेत रु.३३६४९५४२१.२६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.४३०२०००.०० खर्च भएको छ जुन आन्तरिक आयको २२० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.८१ प्रतिशत चालु र ३९.८८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ९ सेवा प्रवाह

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो ।पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ नागरिकता सिफारिस ७१०, घरबाटो सिफारिस १११, नाता प्रमाणित १८४, जन्म, मृत्यु र दर्ता ६७१, चारकिल्ला प्रमाणित २५ अन्य सेवा २२१० लगायतका सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ११ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसीता दाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## १२ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१३,४२,११,५५२।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १३ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यो वर्ष रू.५८,१३,०००.०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ।बजेट अबण्डामा

राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन।तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | संचार माध्यमबाट पालिका कार्यक्रम संचालन | १००००००.०० |
| २ | विभिन्न संघ संस्थासँगको साझेदारीका योजना तथा कार्यक्रम संचालनको लागि समपुरक कोष | ३८००००००.०० |
| ३ | भैपरी आउने पुँजीगत खर्च | १०१३०००.०० |
| जम्मा | | ५८१३०००.०० |

## १४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १२१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६२ | १२ | २९ | २१ |
| २. | वडास्तरीय | ५९ | १ | १३ | ४५ |
| जम्मा | | १२१ | १३ | ४२ | ६६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२१ योजनामात्र कार्यान्वयन भएको देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १५ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ ।साथै पालिकाको विनियोजन ऐन, २०८० को दफा ३(२)मा समेत रकमान्तर सम्बन्धि व्यवस्था गरिएको छ ।पालिकाले यस बर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट चालु र पूँजिगत शीर्षकमा गरी जम्मा रू.६,४४,९८,६७९।०० रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा १८.३४ प्रतिशत हुन्छ ।यसरी बजेट रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## १६ सुधार हुनुपर्ने सैद्धान्तिक व्यहोरा

१६.१ नापी किताब- निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको

लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

१६.२ कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ७ वटा नियमावली, १५० कार्य विधि तथा ७ निर्देशिका लगायत १८६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले १८६ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त सम्पुर्ण कानुनहरु राजपत्रमा प्रकाशन गरेको छ। तसर्थ उक्त सम्पुर्ण कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

१६.३ न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष १ मुद्दा तथा विवाद दर्ता भएकोमा फर्स्यौट नभई १ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१६.४ सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले सहकारी संस्था कति रहेका छन भन्ने विवरण लेखापरीक्षणको क्रममा उपलब्ध नगराएकोले पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको अवस्थामा एकिन गर्न सकिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१६.५ फोहरमैला व्यवस्थापन- फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१६.६ सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## १७ **तलवी प्रतिवेदन**

सघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.स. ०७६।७७, च.न. १८० र मिति ०७६।५।१८ (मन्त्रिस्तरिय) को निर्णय अनुसार स्थानीय तहका कर्मचारी र सघंबाट स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकका सम्बन्धित जिल्लाको को.ले.नि.का. बाट तलब प्रतिवेदन पारित गराइ तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। तर पालिकामा तलव प्रतिवेदन पारित बेगर

स्थायी कर्मचारीको पारिश्रमिकमा कुल रु ७२२९०२६१/ खर्च लेखेको पाइयो। यसबाट कर्मचारीको वास्तविक पाउने तलव तथा ग्रेड रकम के कति हो यकिन गर्न सकिएन। अतः तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ ।

## १८ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवशयकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन सरँचना कायम हुने साथै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायत पदमा करार सेवामा कर्मचारी राख्न सक्ने उल्लेख छ। मिति २०८० को गाँउसभाबाट स्वीकृत भएको सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित २८ जनाको दरबन्दी स्वीकृत रहेकोमा १५ जना मात्र पदपुर्ति भई १३ पद रिक्त रहेकोमा १६ जना करार कर्मचारी राखी वर्षभरिमा जम्मा रु. ५८,८२,५६५/-भुक्तानी देखियो। ऐनले तोकेको पद बाहेक इन्जिनियर १,सव.इन्जिनियर१, दरवन्दि नभएको अमिन १, सहायक पाचौ १, सहायक चौथो १, जनालाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी राखि खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २३,५०,१५३ |

## १९ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गरेको पाइएन । पालिकाले गाँउसभाको निर्णयबाट गाँउसभामा खटीने ४ जना कर्मचारीहरुलाई ३६०३२२/- प्रोत्साहन खर्च लेखेको पाइयो । पालिकाले प्रोत्साहन भत्ता दिनु पर्ने आधार पेश गरेको पाइएन । पालिकाले यस अवधिमा गरेको अतिरिक्त कार्यहरुको कार्यविवरण तथा भत्ता वितरणको कुनै निश्चित मापदण्ड नबनाई, लिखित हाजिर समेत प्रमाणित नगरी प्रगति विवरण ( कार्यसम्पादन सूचकङ्क ) समेत पेश नगरी सिमित व्यक्तिहरुलाई मात्र भुक्तानी गरेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,६०,३२२ |

## २० ठेक्का अभिलेख तथा व्यवस्था

२०.१ ठेक्का अभिलेख- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२०.२ ठेक्का व्यवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.५ देखि २८.८९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको

विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | MRM/2080/81/CONs\01 | आमाबुवा कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट मल्टिप्रपोज प्रा.ली. | १३०९९ | १२३७३ | ५.५ |
| २ | फुलवती खोला पुल निर्माण | MRM/2080/81/CONs\02 | श्री आयम बि एम बि साहिल जे. भी. | २२५४४ | १८७८५ | १६.६७ |
| ३ | महाकुलुङ्ग चक्रपथ स्तोरोन्नती | MRM/2080/81/CONs\03 | महाकुलुङ्ग ब्रदर्श निर्माण सेवा प्रा.ली। | २८७९ | २०४७ | २८.८९ |

२१ **परामर्स तथा डीपी आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| **गत बर्ष** | | | | |
| बुकुर दोबाटो पर्यटन पदमार्ग डि पि आर | हिमालयन इन्जिनियरिङ कन्सल्टेन्सी | ५००००० | ४९७२०० | १६६९२३१६१ |
| बुदुम खोला ला **RCC** पुलको डिपिआर निर्माण | फाइनर इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | १०००००० | ९९६६६० | ४३१२१६१३ |
| हलुमोउ खानेपानी डिपिआर तथा खानेपानी निर्माण | मिड हिल इन्फ्रास्ट्रक्चर | ५००००० | ४९१५५० | १५७०३९६८ |
| भुवा खोला ट्रष्ट विजको डिपिआर निर्माण | युनाइटेड नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | १०००००० | ९७५१९० | ४३८७९८६ |
| फुलवती खोलाको पुल डिपिआर निर्माण | कर्मा कन्सल्ट प्रा लि | १०००००० | ९८२१९६ | २६९९७७५३ |
| कोङ्गो खोलाको पुलको डिपिआर निर्माण | वाइड रेन्ज इन्जिनियरिङ सोलुसनस् प्रा लि | १०००००० | ९९१५७५ | ७१७२४९१२ |
| **यस बर्ष** | | | | |
| पालिकाको लागि प्रशासनिक भवनको डिपिआर निर्माण | बि.एण्ड जे डेभलपर्स प्रा.लि. | २०००००० | १९४६००० | १३०५८७००० |
| एम टि एम पीनिर्माण | आकार डिजाईनर्स एण्ड डेभलपर्स प्रा लि | १०००००० | ९८८००० | |
| पेल्माङ गुम्बा निर्माणको लागि डिपिआर निर्माण | वानपिस इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन सोलुसन्स प्रा लि | ८००००० | ७९५००० | ९३५६१००० |

· यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।

· डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

· साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

२२ **गत बर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ ।पालिकाले गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी(म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस बर्षको बजेटमा समेत गत बर्षको भुक्तानी दिन बाँकीको व्यबस्था नगरी कार्यापालिकाको बैठकबाट निर्णय गरी रु.९,००,०००.०० भुक्तानी दिएको छ ।तसर्थ दायित्व भुक्तानी गर्दा कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ ।

| क्र.स. | भुक्तानी पाउनेको विवरण | वापत | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | थोकोदो खेउ खोल्सा देखि कुवासम्मको सडक स्तोरन्नती तथा मर्मत उ.स. | सडक स्तोरन्नती तथा मर्मत | ९००००० | सडक बोर्डसँगको साझेदारीमा संचालन भएको योजना यस बर्ष रकम प्राप्त भई कार्यपालिकाको निर्णयका आधारमा भुक्तानी |
| जम्मा | | | ९००००० | |

२३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | |
| **सवारी साधन (रु.१ लाखभन्दा बढी)** | | | | |
| मोटरसाइकल | नखुलेको | १८ | नखुलेको | कर्मचारी तथा पदाधिकारी |
| एम्बुलेन्स | नखुलेको | २ | नखुलेको | |
| **उपकरण (रु.१ लाखभन्दा बढी)** | | | | |
| लोडर | नखुलेको | १ | ३८५०००० | |

२४ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## २५ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले ठेकेदारलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रू.२४,८६,५८५.०० बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ.व. | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको |
| ठेकेदार पेश्की | | | | | |
| १ | २०८०/०४/०१ | भुवा खोला मोटरेवल ब्रिज | आर.के, यती जे.भी. | | २२,९३,०३०.०० |
| २ | २०८०/०४/०१ | भुवाखोला र हुँगाखोला मोटरेवल ब्रिज समपुरक कोष | आर.के, यती जे.भी. | | १,९३,५५५.०० |
| जम्मा | | | | | २४,८६,५८५.०० |

## २६ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले रु.२२,९२,६२८/- खर्च गरेको पाइयो ।पालिकाले विविध खर्च लेख्दा प्रयोजन नखुलाई पालिका अन्तर्गत चमेना गृहका अतिरिक्त विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतमा खर्च गर्ने गरेको पाइयो।पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

## २७ जिन्सी दाखिला

एडमण्ड हिलारी स्मृती संग्राहलय तथा बृद्धा हेरचाह केन्द्र र पालिकासँगको सहकार्यमा संचालन भएको बृद्धाश्रम एडमण्ड हिलारी स्मृती संग्राहलयले कार्यक्रम छोडी हाल पालिकाले सो संस्थाको स्वामित्व लिएकोले सो संस्थामा रहेका वासिङ्ग मेसिन, रेफ्रिजरेटर, भ्याकुम क्लिनर, कम्प्युटर,प्रिन्टर, टेवल, कुर्सी, खाट लगायत १३३ सामाग्री मुल्य खुलाई पालिकको जिन्सी खातामा दाखिला गर्नु पर्दछ।

## २८ इन्धन खर्च

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष कार्यालय प्रयोजनार्थ रु. ४२८०८६/- इन्धन पदाधिकारी रु५८१७७४/-र इन्धन अन्य प्रयोजन रु१०००००/- गरी कुल रु.२००९८६०/- इन्धन खर्च गरेको छ ।कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौट गर्नुपर्दछ।अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

## २९ दिवा खाजा

कार्यक्रम कार्यान्वन पुस्तिका २०८९।०८० अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने व्यवस्था छ। स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएकाविद्यार्थीहरुको दैनिक हाजिर

पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराईस्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदानदिने व्यवस्था मिलाउने तेश्रोत्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रोत्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्नुपर्दछ । पालिकाले यसवर्ष दिवा खाजा वापत १९ विद्यालयलाई रु ४५,९१.७७०।००भुक्तानीदिएको छ। पालिकाले दिवा खाजाकोमेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाटअनुगमन गर्नुपर्दछ ।

३० **अनुदानबाट शिक्षक तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षक , कर्मचारी , बालविकासका सहजकर्ताको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट विभिन्न तहका शिक्षकहरुलाई रु ११८३८०३४।०० तलब भत्ता भुक्तानी गरेको छ । यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नु पर्दछ।

| गौ.भौ.नं /मिति | विद्यालय संख्या | निकासा | रकम |
|---|---|---|---|
| ४२/०८०/६/१४ | विभिन्न १७ वटा विद्यालय | प्रथम | ३५९१४८० |
| १३०/०८०/९/२५ | विभिन्न १७ वटा विद्यालय | दोस्रो | २७३७८६४ |
| २६६/०८०/१२/३० | विभिन्न १७ वटा विद्यालय | तस्रो | २७६५३७८ |
| ४८६/०८१/३/१६ | विभिन्न १७ वटा विद्यालय | चौथो | २७४३३१२ |
| | | | ११८३८०३४ |

३१ **विद्यालय अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

३२ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| विभिन्न १९ विद्यालय | ८८ | ८८ | १२ | २८६२ | ३२ |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ३२ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

३३ **निशुल्क पाठ्यपुस्तक**

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रू. १४,१९,२१३।०० विभिन्न १९ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि रू. ५,१०,१९४।०० निकासा गरिएको छ। पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनु पर्दछ ।

३४ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७३७ जना रहेका छन। पालिकाले २५०० थान स्यानिटरी प्याड रु.३३९००० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

३५ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समय देखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु १०,६०,७३९।०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३६ **स्थानिय भत्ता बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ कोनियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विलभरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१/०३/२९ को निर्णय तथा अर्थ मन्त्रालयको मिति २०७१/०४/२ गतेको परिपत्र अनुसार स्थानिय भत्ता क वर्ग, ख वर्ग, ग वर्ग र घ वर्गको मासिक दरको व्यवस्था गरेको छ। अर्थमन्त्रालयले तोकेको ख वर्गको दरले स्थानिय भत्ता पाउने जिल्लाको हकमा सोलुखुम्बुको खुम्जुङ, नाम्चे ,चौरीखर्क, छेस्केम र वुङ लाई तोकेको छ।पालिकाले उक्त स्थान बाहेकका स्थानमा कार्यरत निम्न कर्मचारीहरु लाई ग वर्गको स्थानिय भत्ता भुक्तानी गर्नुपर्नेमा ख वर्गको स्थानिय भत्ता भुक्तानी भएकोले सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रू.

| कर्मचारीको नाम/ पद | ग वर्गको पाउनु पर्ने स्थानिय भत्ता | ख वर्गको पाएको स्थानिय भत्ता | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| जितेन्द्र राई सहायक पाँचौ | ६६१२० | ८८७७० | २२६५० | १२ महिनाको |
| किर्तिधन राई सहायक चौथो | ७७५२० | ५५२०० | २२३२० | १२ महिनाको |
| विशाल कुँवर सहायक पाँचौ | ४५७४६ | ३३०६० | १२६८६ | ६ महिना |
| डिका राई सहायक चौथो | ४६९४२ | ३३२७१ | १३६७१ | ७ महिना ७ दिन |
| चङ कला राई सहायक चौथो | ४६९४२ | ३३२७१ | १३६७१ | ७ महिना ७ दिन |
| | | जम्मा | ८४९९८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,९९८ |

३७ **करूणा फाउन्डेसनतर्फ**

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि गाउँपालिका, प्रदेश सरकार र करूणा फाउण्डेसन, नेपालबीच भएको सम्झौता बमोजिम खर्च रकममध्ये करूणा फाउण्डेसन, गाउँपालिका र सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशले एक एक तिहाइ रकम व्यहोर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा करुणा फाउण्डेशनबाट रु. ४४३७४६।०० प्रदेशबाट रु. ४४३७४६।०० र पालिकाबाट रु. ४४३७४६।०० समेत गरी जम्मा खर्च रकम रू. १२३६६३७।०० भएको छ । पालिकाले तयार गरेको विवरणअनुसार ‘क वर्गको ५७ जना, ‘ख वर्गको ९३ जना, ‘ग वर्गको ४४ जना र ‘घ वर्गको ३७ जना गरी २३१जनाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन् । कार्यक्रमले लिएको उद्देश्यअनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग हुने गरी प्रभावकारी कार्यक्रम सञ्चालन तथा सोको अनुगमन गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

३८ **औषधि व्यवस्थापन**

यस कार्यालयबाट खरिद भएका ५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात | म्याद समाप्त मिति |
|---|---|---|---|---|---|---|
| Vitamin B complex | 40000 | 0 | 40000 | 25000 | 15000 | 2025 |
| Paracetamol 500mg | 50000 | 10000 | 60000 | 45000 | 15000 | 2025 |
| Amoxicillin 500mg | 30000 | 2000 | 32000 | 23600 | 8500 | 2025 |
| Ranitidine 150mg | 45000 | 0 | 45000 | 40000 | 5000 | 2025 |
| Antacid | 30000 | 0 | 30000 | 30000 | 0 | 2025 |
| | | | | | | |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च वीच सन्तुलन कायम गर्नु पर्दछ, भने जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ।

३९ **कार्यक्रमको अनुगमन मूल्यांकन नगरी अनुदान उपलब्ध गराएको**

प्रधानमन्त्री कृषि आधुनिकिकरणपरियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ वुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणकोलागी क्षेत्रनिर्धारण गरिएको छ । तथा वुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्थारहेको छ । पालिकाले आ.व

२०८०/८१ मा कार्यान्वियन भएको योजनाको उत्पादन, प्रभावकारीताजस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्ने मा अनुगमन मूल्यांकननगरी कृषक संग सम्झौता भएको छ जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छभनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ ।

४० **अनुदानको अनुगमन**

सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ । तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छन।तर पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।केहि उदाहरणहरु

| गौ. भौ . नं/मिति | अनुदानग्राहीको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १८५/०८१/०३/१७<br>ससर्त | पौरखी कृषि,पशुपंछी तथा महिला समुह | ०७९/८० स्थापना भएको आलुपकेट कार्यक्रम निरन्तरता | ६००००० |
| ३/०८१/०२/२४<br>प्रदेश ससर्त | बुकुर भेडापालन फर्म | चौरी तथा भेडा प्रवर्द्धन कार्यक्रम | २२४४०० |
| ५/०८१/३/५ प्रदेश ससर्त | महाकुलुङ व्यवसायिक कृषि उत्पादन तथा भेडापालन फर्म | चौरी तथा भेडा प्रवर्द्धन कार्यक्रम | १५०००० |
| ६/०८१/३/५<br>प्रदेश ससर्त | चार्खु कृषि तथा पशुपंक्षी फर्म | चौरी तथा भेडा प्रवर्द्धन कार्यक्रम | १८२३५५ |
| ८/०८१/३/७ प्रदेश ससर्त | केन्पा भेडा तथा बाख्रा फर्म | चौरी तथा भेडा प्रवर्द्धन कार्यक्रम | ४२१९७५ |
| ७/०८१/३/५<br>प्रदेश ससर्त | बुकुर कृषि तथा पशुपंक्षी फर्म | चौरी तथा भेडा प्रवर्द्धन कार्यक्रम | १८२२५६ |
| ३६/०८०/६ /१४<br>पालिका तर्फ | विभिन्न किसानहरु | विभिन्न विउ वितरण | ३०३६४० |
| २२/०८१/०१/२१<br>विशेष अनुदान | सलिन माछापालन बहुउदेश्य कृषि तथा पशुपन्छी फर्म | माछापालन | ४६३६४६ |

४१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रु.६०,००,०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना

छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४२ **निर्देशिका विपरित खर्च**

कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को बुदा ६ को ४ मा तालिम केन्द्र/प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोतव्यक्ति/प्रशिक्षक अधिकृत स्तरको तालिम भएमा कार्यपत्र वापतको रू. १२००.० मात्र पाउने र अन्य निकायका स्रोतव्यक्ति भएमा कार्यपत्र वापत रू. १२०० र कक्षा लिएवापत रु १००० भुक्तानी गर्न सकिने नर्म्समा उल्लेख भएको भन्दा देहाय बमोजिम बढि भुक्तानी भएको छ । पालिकाले पारित गरेको कार्यसंचालन निर्देशिका मा प्रशिक्षक भत्ता रु २००० र कार्यपत्र वापत रु १००० दिन व्यवस्था गरी प्रदेशको कार्यसंचालन निर्देशिका भन्दा बढी भुक्तानी हुने गरी नर्म्स तयार गरेको पाइएकोले उत्त खर्च नियम सम्मत नदेखिएको रु..

| भौ.नं. | विवरण | नामपद | प्रदेश नर्म्स अनुसार पाउने रकम | भुक्तानी रकम | बढि भुक्तानी कर कटाई |
|---|---|---|---|---|---|
| ५७९-३।२१ | मेलमिलाम सम्बन्धि तालिम | विनिता गुरुङ्ग | २२००*२२=४८४०० | २९५०*२२=६४९०० | १४०२५ |
| | | सुमना पौडेल | २२००*११=२४२०० | २९५०*११=३२४५० | ७०१२ |
| | | भरतमणी खनाल | २२००*११=२४२०० | २९५०*११=३२४५० | ७०१२ |
| २५४-१२।१२ | कानुनी सचेतना कार्यक्रम | बुद्धिलाल श्रेष्ठ | २२००*६=१३२०० | ३०००*६=१८००० | ४०८० |
| | | कल्पना राई | २२००*६=१३२०० | ३०००*६=१८००० | ४०८० |
| | | वीर उदास श्रेष्ठ | २२००*६=१३२०० | ३०००*६=१८००० | ४०८० |
| | जम्मा | | | | **४०२८९** |

| अनियमित भएको | ४०,२८९ |
|---|---|

४३ **सोधर्भना भुक्तानी**

४३.१ ३०२-२।२ ३० दिने महिला सशत्तिकरण र सिव विकस तालिम अर्न्तगत सुइटर वुनाइ तालिम संचालन वापत वडा सचिव टोपबहादुर ओलीलाई रु २४३५०४ सोधभर्ना भुक्तानी भएकोमा देहाय अनुसार पाइयो ।

- तालिम संचालन गर्दा स्थानिय तथा जिल्ला स्तरमा भएको प्रशिक्षकहरुबाट तालिम संचालन नगरी सल्यान जिल्लाबाट प्रशिक्षक ल्याई तालिम संचालन गर्दा यातायात र खाना खाजा वापत रु २८२०० बढी खर्च हुन गएकोले खर्च मितव्यिता तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।
- अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०७७ अनुसार उदघाटन तथा समापन खर्च वापत रु ४००० मात्र खर्च गर्न सकिनेमा रु ९९०० खर्च गरेको पाइएकोले नर्म्स भन्दा बढी खर्च गरेको असुल हुनु पर्ने रु

| असुल गर्नुपर्ने | ४,९०० |
|---|---|

४३.२ प्रशिक्षाकलाई प्लेन भाडा वापत रु ११००० भुक्तानी भएकोमा आउदाको मात्र प्लेन टिकट पेश भएकोले फर्किदाको प्लेन टिकट र वोईङ्ग पाश पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५०० |

४३.३ अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०७७ को ७.१.५. को ३ (ख) मा सिप विकास तालिम आवधिक रुपमा ३० दिन सम्म संचालन भएमा जिल्ला स्तरमा मुख्य प्रशिक्षक रु ७०० र सहायक प्रशिक्षक को रु ४५० दिन सकिने व्यवस्था छ ।यस ३० दिने तालिममा १ जनामात्र प्रशिक्षकको व्यवस्था भई पुरै दिनको कक्षा संचालन भएको अवस्थामा रु ११५० मात्र दिन सकिनेमा रु २००० का दरले भुक्तानी गरेकोले संघीय निर्देशिका भन्दा बढी भुक्तानी भएको अनियमित देखिएको रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

४४ **नपाउने प्रशिक्षक भत्ता**

६२६-३।२२ भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११ ) मा दैनिक भ्रमण भत्ता उपयोग गरेको अवधि भर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता र स्थानिय भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ ।३ नं वडा कार्यालये संचालन गरेको ३ दिन शेयर प्रशिक्षण कार्यक्रममा कार्यालयले प्रशिक्षक भलाकाजी राइलाई दैनिक भ्रमण भत्ता रु१५००० भुक्तानी र होटल वास मा रु ९५०० समेत खर्च भएकोमा प्रशिक्षण भत्ता रु १८००० रकम भुक्तानी भएकोले कर कटाई नपाउने भत्ता रकम असुल हुनु पर्ने रु १५३००

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३०० |

४५ **टुक्रा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।पालिकाले खरिद सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य नगरेको अनियमित देखिएको रु.

| भौन मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १५७-१०।४ | महाकुलुङ्ग स्टोर एण्ड मल्टी सप्लार्यस | " | २३०८० |
| १८१-१०।१५ | प्याराडाइज फर्निसिङ्ग | " | ३०४६९६ |
| ३५७-२।२३ | रेल्टो इन्टरनेशनल प्रा.ली. | " | ६०७३७ |
| ३५९-२।२३ | महाकुलुङ्ग स्टोर एण्ड मल्टी सप्लार्यस | " | ९३२१० |
| ३९६-३।५ | प्रज्वल प्रतिक स्टोर्स एण्ड अर्डर सप्लार्यस | " | २२६५६५ |
| ५३६-३।१९ | रेल्टो इन्टरनेशनल प्रा.ली. | " | १५५३७५ |
| ३५७-३।१९ | पालिका एडभरटाइजिङ्ग एण्ड सप्लार्यस | " | १४५७७० |
| ५४०-३।१९ | ए टु जेट अर्डस एण्ड सप्लार्यस | " | ७६६४३७ |
| जम्मा | | | १७७५८७० |
| ६९-६।१६ | पालिका, वडा कार्यालय र स्वस्थ कार्यालय | इन्टरनेट जडान तथा शुल्क | २६८४८८ |
| १३८-१०।३ | पालिका, वडा कार्यालय र स्वस्थ कार्यालय | " | २५९७८७ |
| २८५-१।२६ | पालिका, वडा कार्यालय र स्वस्थ कार्यालय | " | २६८४८८ |
| ५०८-३।१७ | पालिका, वडा कार्यालय र स्वस्थ कार्यालय | " | २९७५०६ |
| जम्मा | | | १०९४२६९ |
| कुल जम्मा | | | ३१४०६४४ |

| | |
|---|---|
| अनियमित भएको | २८,७०,१३९ |

### ४६ हेभी इक्युपमेन्टको प्रयोग

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।यसका केही उदाहरणहरु यस प्रकारका रहेका छन् ।

| गो भा न\मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ८७\०८०\२\२९ | पोछाक सडक ट्र्याक ओपन उ.स. | पोछाक सडक ट्याक ओपन | ४७४५०६.०० | डोजर तथा स्काभेटर | ५३२९६१.०० |
| ११०\०८१\३\७ | मोमोदी सडक ट्र्याक ओपन उ.स. | मोमोदी सडक ट्याक ओपन वडा १ | ६३२९५८.०० | डोजर तथा स्काभेटर | ७५०३२०.०० |
| ११८\०८१\३\११ | मोमेर्कु सडक ट्र्याक ओपन उ.स. | मोमेर्कु सडक ट्र्याक ओपन | ९४९०२५.०० | डोजर तथा स्काभेटर | १०८६७७५.३० |
| ५४\०८१\२\२ | चाकादो नाजिङ मुलखर्क चिङ्गेमला रुम्खाला सडक निर्माण समिति | चाकादो नाजिङ मुलखर्क चिङ्गेमला रुम्खाला सडक निर्माण | १४४००००.०० | डोजर तथा स्काभेटर | १५९१७४०.०० |

४७ **उपभोक्ता समितिलाई बढी भुक्तानी**

१६३-६।२१ पुँजिगत खरिद नियमावलीको नियम ९७(११ ) मा संझौता बमोजिम रकम भुक्तानी गर्नु पर्दछ ।थुक्दो खैंउखोला देखी कुवा सम्म सडक स्तरोन्नतरीको कार्य रु १३०१३७०। मा सम्पन्न भई उपभोक्ताको श्रमदान रु २२१३७० कट्टा गरी रु १०८००००भुक्तानी हुनु पर्नेमा रु १११६००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु

| असुल गर्नुपर्ने | ३६,००० |
|---|---|

४८ **नोङ्गा छोइलिङ्ग गुम्बा मेडिटेसन सेन्टर निर्माण**

विविध २-१२।१२ नोङ्गा छोइलिङ्ग गुम्बा मेडिटेसन सेन्टर निर्माण वापत आरिसा हिमशिखर जेभी सोलुखुम्वुलाई प्रथम रनिङ्ग विल वापत रु ४६५४५८३ भुक्तानी भएकोमा देहाय अनुसार पाइयो ।

१. कार्यालय र निर्माण व्यवशायी विच मिति २०८०।१।७ मा भएको संझौता अनुसार दोस्रो किस्ता पेश्की दिदां कामको प्रगति र साइटमा उपलब्ध गराएको मेटेरीयलको अवस्थालाई मुल्याङ्कन गरी इन्जिनियर सर्टिफाइ को आधारमा दोस्रो किस्ता उपलव्ध गरउनु पर्नेमा इन्जिनियर सर्टिफाइ वेगर रु ३३ लाख पेश्की उपलव्ध गराएको पाइयो ।

२. पि यस आइटमामा रहेको कार्यको भुक्तानी गर्दा विल वमोजिम भुक्तानी गर्नु पर्दछ । कार्यालयले मेटेरियल टेष्टको विजक पेश नगरी रु ३९००० भुक्तानी भएकोले प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु

३. कार्यालयले ठेक्काको म्याद मिति २०८२।१।३० सम्म थप गरेकोमा विमाको म्याद थप गरेको पाइएन ।

| प्रमाण पेश नगरेको | ३९,००० |
|---|---|

४९ **डि.पी.आर बेगर कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिम स्पेशिफिकेशन, नक्सा, डिजायन स्वीकृत गर्नुपर्ने व्यबस्था छ ।पालिकाले हुंगा खोला मोटरेवल पुल निर्माणका लागि रू.२,८१,८८,९३८.६९ को लागत अनुमान तयार गरी माछापुच्छ्रे इन्जिनियरिङ्ग प्रा.ली.,पोखरा रू.२,२९,७६,८४३.०० मा कार्यसम्पन्न गरेको छ ।उक्त पुलको डि.पि.आर तयार नगरी (लेखारीक्षणको क्रममा पेश नभएको) कार्यसम्पन्न गरेको छ । जटिल प्रकृतिको कार्य गर्दा डि.पि.आर तयार गरी सोही अनुरुप निर्माण कार्य गर्नुपर्नेमा कानुनमा भएको व्यबस्थाको पालना गरेको देखिएन । कार्यालयको भनाई- पालिका भित्रकै प्राविधिक नागरिकले डि.पि.आर तयार गरी पालिकालाई निशुल्क हस्तान्तरण गरेको र सो डि.पि.आरलाई कार्यपालिकाले स्वीकृत गरी सोही अनुसार कार्यसम्पन्न गरेको जनाएको छ ।

५० **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७४\०८१\२\१८ | हलुमोउ खानेपानी निर्माण उ.स. | हलुमोल खानेपानी निर्माण | ११४८५५४.०० |
| १२२\०८१\३\१२ | दोभेर्ला खानेपानी निर्माण उ.स. | दोभेर्ला खानेपानी निर्माण | १८०९९५१.०० |
| १४६\०८१\३\२० | आदिबासी जनजाती तथा महिला भवन निर्माण उ.स. | आदिबासी जनजाती तथा महिला भवन निर्माण(क्रमागत) | १५१६८६३.०० |
| ९४\०८१\३\४ | पोउ RCC पुल निर्माण उ.स. | पोउ RCC पुल निर्माण | ४०९१८२.०० |
| ३५\०८०\१२\९ | सालापैस र बकुम्मास दोभानमा RCC पुल निर्माण उ.स. | सालापैस र बकुम्मास दोभानमा RCC पुल निर्माण | ४८००००.०० |
| **जम्मा** | | | **५३६४५५०.००** |

५१ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.

| भौ नं. | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३८\०८१\३\१९ | वडा १ को कार्यालय वाल निर्माण उ.स. | वडा १ को कार्यालय वाल निर्माण | ६७२०००.०० |
| ४७\०८०\१२\१२ | वडा कार्यालय घेराबार उ.स. | वडा २ कार्यालय घेराबार | ४७९४४४.०० |
| **जम्मा** | | | ११५१४४४.०० |

| | |
|---|---|
| अनियमित भएको | ११,५१,४४४ |

५२ **बढी दर भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । पालिकाले उपभोक्ता समिति मार्फत हुने काममा लागत अनुमान तयार गर्दा सडक बिभागको Section 900 को EARTH WORKS को नर्म्स राखी दर बिश्लेषण गर्दा हुने दर भन्दा बढी दर राखि भुक्तानी दिएको छ । नमुना छनौटका रुपमा हेर्दा यसरी दर बिश्लेषणमा फरक पारि बढी भुक्तानी भएको रकम रु.४०७७५८.०० पुष्ट्राई सहितको प्रमाण पालिकाले पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो.भा. | उपभोक्ता समिति | कार्य | परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी भएको दर | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| ८७ | पोछाक सडक ट्र्याक ओपन उ.स. | All type soil cutting | ४४८५.१३ | ९९.४९ | ९१ | ८.४९ | ३८०७८ |
| | | Ordinary Rock cutting | २७४ | ३१६.४८ | २७२ | ४४.४८ | १२१८७ |
| ११० | मोमोदी सडक ट्र्याक ओपन उ.स. | All type soil cutting | ६४९९.६० | ९९.४९ | ९१ | ८.४९ | ५५१८२ |
| | | Ordinary Rock cutting | ३२९.६३ | ३१६.४८ | २७२ | ४४.४८ | १४६६२ |
| ११८ | मोमेर्कु सडक ट्र्याक ओपन उ.स. | All type soil cutting | १०७२३ | ९९.४९ | ९१ | ८.४९ | ९१०३८ |
| | | Ordinary Rock cutting | ६२.६८ | ३१६.४८ | २७२ | ४४.४८ | २७८८ |
| १९५ | नर्कुम सडक ट्र्याक ओपन उ.स. | All type soil cutting | ११९१४.८९ | ९९.४९ | ९१ | ८.४९ | १०११५७ |
| | | All type Rock cutting | ११२५.९८ | २९८.४८ | २७२ | २६.४८ | २९८१५ |
| ७७ | वडा ३ साविक ४ र ५ जोड्ने ट्र्याक ओपन समिति | All type soil cutting | ५२७९.५३ | ९९.४९ | ९१ | ८.४९ | ४४८२३ |
| | | Ordinary Rock cutting | ४०५.३२ | ३१६.४८ | २७२ | ४४.४८ | १८०२८ |
| **जम्मा** | | | | | | | **४०७७५८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०७,७५८ |

## ५३ वीमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि म्याद थप गर्नुपर्नेमा सो नगरी निर्माण कार्य स्वीकार गरेको देखिन्छ ।कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ ।नमुना छनौटका रुपमा हेरिएका योजनाका केही उदाहरणः-

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|
| MRM\079\80\WORKS03 | राज कन्स्ट्रक्सन, सोलुखुम्बु | ५८४९४८१.४४ | ११५०००.०० | बिमाको म्याद थप नभएको |
| 10/W/SOLU/MK/077/78 | बासु\चन्द्रेश्वरी जे.भी. | ९४८७३३३.६६ | ५००००.०० | बिमाको म्याद थप नभएको |

## ५४ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रु. ६१२३८०३९.२६ का ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| योजनाको नाम | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो बर्षसम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| भुवा खोला मोटरेवल पुल | आर के यति जेभी | २०८०।०२।१६ | २०८१।३।३० | ३००७९७६३.८६ | १७२३७ | ६३ |
| फुलवती मोटरेवल पुल | आर्यन वि एम बी | २०८०।११।१७ | २०८१।०२।३० | १८७८४७५४.९२ | ९०४७ | ४५ |
| १ नं वडा कार्यालय भवन निर्माण | आमाबुवा कन्सट्रक्सन | २०८०।०९।१८ | २०८१।१२।३० | १२३७३५२०.४८ | ७३०० | ९० |
| जम्मा | | | | ६१२३८०३९.२६ | | |

५५ **ग्रामीण विद्युतिकरण**

नेपाल विद्युत प्राधिकरण र पालिकासँग भएको संझौता अनुसार ग्रामिण विद्युतिकरणको लागी लागत अनुमान (संझौता तथा लागत अनुमान पटक पटक माग गर्दा पनि पेश नभएको ) तयार गरी पालिकाले रू. १ करोड ४९ लाख व्यहोर्ने गरी कार्यक्रम संचालन भइ प्रसारण लाइन निर्माण भइ ट्रान्फरर्मर तथा टिओडी मिटर जडान भइ सके पछि उत्त आयोजना संचालनको कार्यविधि नवनेको, विजुलीबाट हुने आम्दानी भन्दा खर्च धेरै हुन अवस्था श्रृजना भए पछि पालिकाको मिति २०८१।१।१७ को निर्णयबाट उत्त आयोजना विद्युत प्राधिकरणलाई नै फिर्ता दिने निर्णय गरि प्रधिकरणलाई मिति २०८१।१।२६ मा पत्र समेत पठाएको पाइयो ।पालिकाले आयोजना सुरु गर्नु अगाडी विस्तृत अध्ययन नगरि कार्यक्रम अगाडी बढाएकोले हाल आएर संचालन नगर्ने निर्णयले पालिकाले लगानी गरेको रू. १ करोड ४९ लाखको प्रतिफल प्राप्त हुने र उपभोक्ताले सहज रुपमा विद्युत सुविधा प्राप्त गर्ने सुनिश्चितता हुनु पर्दछ।

५६ **रित पूर्बकको कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ७१०२४६.५२ समेत रु. ६२०५१८१.२७ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| २०२\०८१\३\२४ | राज कन्स्ट्रक्सन, सोलुखुम्बु | ६०१२५६५१८ | दोहोरा अंक छपाई देखिने | ९६३८८९.९९ | ११०८९०.०० |
| १९२\०८१\३\२३ | चण्डेश्वरी, वासु जे.भी., सोलुखुम्बु | ६१६१९००५४ | दोहोरा अंक छपाई देखिने | ५२४१२९१.२८ | ५९९३५६.५२ |
| **जम्मा** | | | | **६२०५१८१.२७** | **७१०२४६.५२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१०,२४६.५२ |

५७ **एजबिल्ट ड्राइङ्ग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यबसायीले निर्माण भए बमोजिमको(एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यबस्था छ । कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्रयाक्ट बमोजिम निर्माण व्यबसायीले कार्यसम्पन्न भएको समयमा एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने र सो डकुमेन्ट पेश नगरेमा तोकिएको रकम रोक्का(बिद हेल्ड) गरिने उल्लेख छ ।पालिकाले यस बर्ष निर्माण सम्पन्न भएका निम्न भवन निर्माण कार्यको अन्तीम बिल भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि एज विल्ट ड्रइङ्ग पेश भएको पाइएन ।तसर्थ एज बिल्ट ड्रईङ्ग पेश नभएकोले शर्त बमोजिम एज बिल्ट ड्रईङ्ग तयार गराई सोको प्रमाण पेश हुनुपर्ने रू.

| ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता रकम | कन्डिसन | रकम रोक्का(बिद हेल्ड) |
|---|---|---|---|---|
| 10/W/SOLU/MK/077/78 | बासु\चन्द्रेश्वरी जे.भी. | ९४८७३३३.६६ | जी.सी.सी. ५६.१ | उल्लेख नभएको |
| MRM\079\80\WORKS06 | माछापुच्छ्रे इन्जिनियरिङ्ग प्रा.ली.,पोखरा | २३१५२६१७.२३ | जी.सी.सी. ७१.२ | ५००००.०० |
| **जम्मा** | | | | **५००००.००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

५८ **बढि भुक्तानी**

५८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा सम्झौताको शर्त वमोजिम प्राविधिक नापजाँच भएको वास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले १५ शैया अस्पताल भवन निर्माणको लागि निर्माण व्यवसायिलाई सातौ रनिङ्ग विल भुक्तानी गर्दा अन्य रनिङ्ग विलमा समावेश भएको तर हाल निर्माण नभएको भनि आइटम नं ३८ फ्लागस्टोन पेभमेन्ट ४९ वर्गमिटरको प्रति वर्गमिटरको रु.२,२०० का दरले हुने रु. १,०७,०००।०० तथा अन्तिम रनिङ्ग विल भुक्तानी गर्दा अन्य रनिङ्ग विलमा समावेश भएको तर हाल निर्माण नभएको भनि आइटम नं २८ single headed landing valve को कार्यमा २० Sets प्रति रु.३०,००० का दरले ४,८०,०००।०० समेत गरी रु.५,८७,०००।०० घटाएको देखिएतापानी सोको मुअकर भुक्तानी भैसकेकोमा मुअकरको रकम असुल गरेको नदेखिएकोले सोको मु अ कर रु. ७६,३१०।०० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,३१० |

५८.२ कर विजक गो भौ नं ४।२०८१।३।२३ बाट १५ शैय्याको माहाकुलुङ्ग प्राथमिक अस्पतालको अन्तिम विल रु १५६७६७३३।०० निर्माण व्यवसायि लुम्विनी/खानी जे.भी लाई भुक्तानी गर्दा रु १५५७६७३३।०० को मात्र कर विजक संलग्न रहेको देखिएकोले नपुग रु १०००००।०० को कर विजक नं ०५।२०८१।३।१९ बाट पेश भएकोले अलग्गै कर विजक पेश भएको मू अ कर रु ११५०४।०० को मूअ कर समायोजन पत्र पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५९ **१५ शैय्याको प्राथमिक अस्पताल**

५९.१ पालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको माहाकुलुङ्ग प्राथमिक अस्पताल निर्माणका लागि निर्माण व्यवसायी श्री लुम्विनी/खानी जे.भी सँग रु.१६,८५,०३,२४०।५३ (मूल्य अभिवृद्धी कर समेत) मा २०८०।१२।३० मा म्याद थप समेत निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।३।१२ मा सम्झौता भएको छ । उक्त निर्माण कार्यको मिति २०८०।११।११ मा प्रथम भेरिएसन मार्फत रु.२,९९,४८,५९१।०५ थप गरी सम्झौता रकम रु. १९,८४,५१,८३२।१३ कायम भएको देखिन्छ। आठौं तथा अन्तिम रनिङ्ग विल सहित रु १९३६४७४५०।३० भुक्तानी गरी कार्यसम्पन्न गरेको सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा पूर्वानिर्धारित गर्न नसकिएको परिस्थितिको कारण लागत अनुमान तथा योजनाको डिजाइन तथा अन्य कुराहरु परिवर्तन तथा थप घट गर्नुपर्ने भएमा तोकिएको अधिकार प्राप्त अधिकारीबाट भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको महाकुलुङ्ग प्राथमिक अस्पताल निर्माणका लागि निर्माण व्यवसायी श्री लुम्विनी/खानी जे.भी सँग रु.१६,८५,०३,२४०।५३ (मूल्य अभिवृद्धी कर समेत) मा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा २०८० फाल्गुन ११ गतेको निर्णय अनुसार स्विकृत डि.पि.आर. र सम्झौतामा उल्लेख नभएको तथा अस्पतालनै सञ्चालनमा नआई स्थान अभाव वेगर ट्रस र छाना निर्माण र पहिरोको जोखिम आंकलन वेगर नै थप Retaining Wall

लगायत निर्माणमा भेरिएसन मार्फत रु.२,९९,४८,५९१।०५ शुरु सम्झौता अंकको १७.७७ प्रतिशतको Retaining Wall निर्माण थप गरी भेरिएशन समेत सम्झौता रकम रु. १९,८४,५१,८३२।१३ कायम गरी कार्य सम्पन्न गरेको छ । डि. पि. आर. तथा लागत अनुमानमा समेत उल्लेख नरहेको तथा भवन निर्माणको क्रममा जग खन्दा र निर्माण सम्पन्न गर्ने समयमा समेत क्षत्ति नपुर्याएको स्थानमा भेरिएसन नगरेमा हुन सक्ने थप क्षत्तिको सम्वन्धमा विश्लेषण नगरी भवन निर्माण बजेटको १७.७७ प्रतिशतको Retaining Wall थप गरी भेरिएशन वापत रु. २,९९,४८,८२१।४५ को राज्यलाई थप व्ययभार पर्न गएको देखिन्छ । भेरिएशन गर्नाको प्राविधिक पुष्ट्याइ समेत पेश नगरी भेरिएशनबाट Retaining Wall समेतको निर्माणमा रु.२,९९,४८,८२१।४५ खर्च गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९९,४८,८२१.४५ |

५९.२ १५ शैय्याको माहाकुलुङ्ग प्राथमिक अस्पतालको अन्तिम विल रु १५६७६७३३।०० निर्माण व्यवसायि लुम्विनी/खानी जे.भी लाई भेरिएशन समेत रु. १९३६४७४५०।३० भुक्तानी गर्दा ढिला कार्य सम्पन्न गरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन । भेरिएशन समेत रु. १९८४५१८३२।१३ ठेक्का कवोल गरी २०७९।।९।०२ मा काम सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यवसायीले निर्धारित समयमा काम सम्पन्न नगरेपछि पालिकाले २०८०।१२।३० सम्म म्याद थप गरेको देखिन्छ । पालिकाले उक्त कामको नापजाँच गरी कार्यस्वीकार प्रतिवेदन बनाएकोमा कार्यस्वीकार प्रतिवेदनमा काम सम्पन्न भएको मिति उल्लेख नगरेको तथा पालिका अध्यक्ष तथा उपाध्यक्ष सहितको अनुगमन टोलीबाट अनुगमन गरी मिति २०८१।३।१८ मा कार्य सम्पन्नको भुक्तानी सिफारिस गरेपश्चात मात्र भुक्तानीको प्रकृया शरु भएको देखिन्छ । निर्माण व्यवसायीले दर्ता गरेको १३४३।२०८०।१२।२६ को पत्रमा समेत सिभिल कन्ष्ट्रक्सन वर्क्स सम्पन्न गरिएकोले गुणस्तर परीक्षण गरी हस्तान्तरण कार्य अघि बढाई दिन अनुरोध मात्र गरेकोले २०८०।१२।३० कार्य सम्पन्न भएको एकिन हुन सकेन । यसरी ढिला कार्य सम्पन्न गरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन । निर्माण व्यवसायिले म्याद थपका लागि लक्ष्मी सनराईज बैंकको २०२४ जुन ५ (२०८१।२।३१) को पत्रबाट रु ८४२५११५०।०० को कार्य सम्पादन जमानतको म्याद २०२५ अगष्ट १३ (२०८२।४।२९) सम्मको जमानत पेश गरेतापनि निर्माण व्यवसायिले म्याद थपको अनुरोध गरेको देखिएन । ठेक्का म्याद भन्दा मिति २०८१।३।१८ सम्म कम्तीमा ८० दिन ढिला काम सम्पन्न गरेको हुँदा कार्य सम्पन्न रु १९३६४७४५०।३० अङ्कको ०.०५ प्रतिशतले हुने रु. ८५५०३ प्रतिदिन जरिवाना वापतको रकम रु ६८४०२४०।०० सम्वन्धित निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्नेमा नगरी भुक्तानी गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम रकम भुक्तानी हुनुपर्दछ ।

५९.३ थप कार्यसम्पादन जमानत लिनुपर्ने: सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) ले खरिद सम्झौता गर्दा ५ प्रतिशतका दरले भेरियसन मार्फत थप भएको रकमको समेत कार्यसम्पादन जमानत लिएर मात्र खरिद सम्झौता गर्नुपर्ने व्यवस्था गरेको छ । भवन निर्माणको सम्झौता रु १६८५०३०१७।६८ मा विभिन्न कार्य थप गरी निर्माण व्यवसायीको ठेक्का रु. १९८४५१८३२।१३ कायम गरेको छ । भेरियसन मार्फत खरिद सम्झौता रकम रू. २९९४८८२१।४५ थप गरेकोले उक्त थप भएको रकमको ५ प्रतिशतले रू. १४९७४४१।०० को कार्य सम्पन्न अवधि पछि १३ महिना डि एल पि पिरियड २०८२।१।३० सम्मको कार्यसम्पादन जमानत लिएको देखिएन । खरिद ऐनले गरेको व्यवस्था वमोजिम भेरियसन मार्फत थप भएको रकमको समेत कार्यसम्पादन जमानत लिनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,९७,४४१ |

## ६० **सामाजिक सुरक्षा**

६०.१ सामाजिक सुरक्षा वितरण - सामाजिक सुरक्षा ऐन,२०७५ अनुसार सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यबस्था रहेको छ ।यस पालिका अन्तर्गतका ५ वडाहरुको लागि रू. ४,७२,५०,६४८.०० सामाजिक सुरक्षा भत्ता बजेट रहेकोमा रु.४,३५,०६,०८२.३१ निकासा तथा खर्च भएको आर्थिक विवरण पेश भएको छ ।

६०.२

सामाजिक सुरक्षा तुलनात्मक विवरण- पालिकाको आर्थिक बर्ष २०७९।८० र २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तुलना गर्दा निम्न घट\बढ भएको अवस्था देखिन्छ ।सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको पहिचान, नविकरण, लगत कट्टा, दोहरो भत्ता लिएका, राज्यबाट दोहोरो सुविधा पाउने, अन्यत्र बसाईराई गरी आउने तथा जानेहरुको विवरण अध्यावधिक गरी सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउनु पर्दछ ।

| **लक्षित समुह** | **आ.ब. २०७९।८० को चार त्रैमासिकको औसत सँख्या** | **आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या** | **भत्ता दर** |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | २४५५ | २४६९ | ४००० |
| अन्य ज्येष्ठ नागरिक(दलित) | ४८ | ५८ | २६६० |
| ज्येष्ठ नागरिक(महिला) | ३६७ | ४१० | २६६० |
| बिधवा | ७४४ | ७३४ | २६६० |
| पुर्ण अपाङ्ग क बर्ग | १०२ | १५४ | ३९९० |
| आंशिक अपाङ्ग ख बर्ग | २३४ | २६४ | २१२८ |
| बालबालिका | २२६ | २२४ | ५३२ |
| जम्मा | ४१७६ | ४३१३ | |

६०.३ लगत कट्टा- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को नियम ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने छ ।बर्षभरिको लगत कट्टाको विवरण माग गर्दा पालिकाले उपलब्ध गराएको विवरण अनुसार १-५ वटा वडाहरु मध्ये २, ३ र ५ वडाको बर्षभरिमा लगत कट्टा नभएको विवरण उपलब्ध गराएको छ ।उक्त वडाहरुको लगत कट्टा नहुनु, लगत कट्टा गर्न नआउनु, सो बारेमा सार्वजनिक सुनुवाई तथा अनुगमन नहुनु सोको पहिचान गरी अभिलेख चुस्त र बिश्वासिलो बनाई अध्यावधिक गर्नुपर्दछ ।

६०.४ नागरिकता नम्बर एकै भएका लाभग्राही- नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ५ वटा वडा मध्ये निम्न वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम.आइ.एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| **प्रथम त्रैमासिक** | | | | | |
|---|---|---|---|---|---|
| **क्रस** | **वडा नं.** | **लाभग्राही नाम** | **ना.नं.** | **व्यक्तिगत परिचय नं.** | **रकम भुक्तानी** |
| **1.** | 3 | Uttardhani Rai | 11300416 | 1993010201346 | 12000 |
| **2.** | 3 | Ganesh Mani Kulung | 11300416 | 2020010508535 | 11970 |
| **3.** | 3 | Kiran Kumari Kulung | 11300416 | 2031081201124 | 6384 |
| **4.** | 4 | Sarekima Sherpa | 00 | 1990123039258 | 12000 |
| **5.** | 4 | Rekha Kulung | 00 | 2059123000485 | 11970 |
| Total | | | | | 54324 |

६०.५ बैंक खाता दोहोरो- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ परिच्छेद ५ मा बैंक मार्फत भत्ता वितरण गर्ने सम्बन्धि व्यबस्था रहेको छ ।यस पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण एभरेष्ट बैंक शाखा कार्यालय महाकुलुङबाट भएको छ ।यस आर्थिक बर्षमा

सामाजिक सुरक्षा भत्ता वितरण भएको रिभर्स फिड परिक्षण गर्दा केही लाभग्राहीहरुको बैंक अकान्ट एउटै भएको देखिएको छ ।लाभग्राही फरक तर बैंक अकान्ट एउटै भएको अवस्था समेत रकम डिपोजिट भएको हुँदा यस सम्बन्धमा पालिकाले आवश्यक छानबिन गरी बढी भुक्तानी भएको वा दोहोरो भएको रकमहरु सँघिय सँचित कोषमा दाखिला हुनुपर्दछ ।

| **प्रथम त्रैमासिक** | | | | | |
|---|---|---|---|---|---|
| Ward | Personal ID | Member Name | Citizenship no. | Bank Account | Deposite amount |
| 1 | 2009112101083 | Rana Kubir Rai | 342324553 | 08300540200995 | 12000 |
| 1 | 2002123249595 | Rash Bahadur Rai | 574/1167 | 08300540200995 | 12000 |

६०.६ हिसाब भिडान- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

६०.७ बैंक रुजु- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्ने एभरेष्ट बैंक शाखा कार्यालयबाट एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा निम्न लाभग्राहीहरुको मौज्दात बाँकी रहेको देखिन्छ । सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी लगत कट्टा गर्नुपर्ने बाँकी भए लगत कट्टा गरी बढी भएको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| SOL ID | SCHEME CODE | ACCOUNT NUMBER | ACCOUNT NAME | AVAILABLE BALANCE |
|---|---|---|---|---|
| 0830 | SASSD | 08300540200338 | AASAR SUBI RAI | 53,891.76 |
| 0830 | SASSD | 08300540200278 | CHANDIMANI KULUNG RAI | 49,218.03 |
| 0830 | SASSD | 08300540200320 | CHANDRA MANI RAI | 56,144.57 |
| 0830 | SASSD | 08300540200307 | CHANDRA MANI RAI | 53,978.70 |
| 0830 | SASSD | 08300540200256 | HARKA BAHADUR BASNET | 50,693.92 |
| 0830 | SASSD | 08300540200595 | JAGAT BAHADUR RAI | 153,610.47 |
| 0830 | SASSD | 08300540200254 | NANDA MAYA BASNET | 55,882.27 |
| 0830 | SASSD | 08300540200952 | NANGJU MANI RAI | 57,820.74 |
| 0830 | SASSD | 08300540200896 | NIMDIKI SHERPA | 48,661.90 |
| 0830 | SASSD | 08300540200233 | PHUR NGIMA SHERPA | 48,721.61 |
| 0830 | SASSD | 08300540200087 | PRATIBIM RAI | 40,300.30 |
| 0830 | SASSD | 08300540200488 | RATNA SHANKHA RAI | 53,918.64 |
| 0830 | SASSD | 08300540201003 | SANCHA BAHADUR RAI | 306,988.35 |
| | | Total | | 1,029,831.26 |

६०.८ सामाजिक सुरक्षा शिक्षा- परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन। सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : महाकुलुङ गाउँपालिका, सोलुखुम्बु , महाकुलुङ गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पदम बहादुर बस्नेत | २०७९-५-२२ | २०८०-६-१६ |
| कार्यालय प्रमुख | JHAMAK BAHADUR KATWAL | २०८०-८-२२ | |
| कार्यालय प्रमुख | NABIN KUMAR GOLE | २०८०-१०-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण काजी बस्नेत | २०७६-८-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २४३,००८ | ३६,७२१,१६८.४५ | २,८०९,९४५.५२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३९,७७४,१२१.९७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३९,७७४,१२१.९७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८६९३६७१३.१६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १९९७३७००० | चालु खर्च | २०२२८३८६९.२६ |
| प्रदेश सरकारबाट अनुदान | १८७४२१०३ | पूँजीगत खर्च | १३४२११५५२ |
| राजश्व बाँडफाँट | ८४०२५७६१.४३ | वित्तीय/अन्य व्यवस्था | ९९१५७६४१.४७ |
| आन्तरिक आय | १९५००७५.० | | |
| अन्य आय | १०७२००३५०.१२ | | |
| कुल आय | ४११६५५२८९.५५ | कुल खर्च | ४३५६५३०६२.७३ |
| बाँकी मौज्दात | | ६२९३८९३९.९८ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

२.महाकुलुङ गाउँपालिकाको सुत्रको वित्तीय प्रतिवेदन(म ले प फा न २७०)

| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणीनं | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,६०,५९,१९२.८९ | ० | ७,६०,५९,१९२.८९ | ७,६७,५८,२०८.४५ | ० | ७,६७,५८,२०८.४५ |
| १३००० | अनुदान | | २२,०४,९३,९७७.५५ | ० | २२,०४,९३,९७७.५५ | २३,०७,११,३९५.९८ | ० | २३,०७,११,३९५.९८ |
| १४००० | अन्यराजस्व | | ९९,१६,६४३.५४ | ० | ९९,१६,६४३.५४ | १७,२६,६९८.०० | ० | १७,२६,६९८.०० |
| १५००० | विविधप्राप्ति | | ० | ० | ० | ४,४७४.०० | ० | ४,४७४.०० |
| क | **कुलजम्मा प्राप्ति** | | ३०,६४,६९,८१३.९८ | | ३०,६४,६९,८१३.९८ | ३०,९२,००,७७६.४३ | | ३०,९२,००,७७६.४३ |
| ३ | चालु | | २०,२२,८३,८६९.२६ | ० | २०,२२,८३,८६९.२६ | २०,१५,५६,६४९.११ | ० | २०,१५,५६,६४९.११ |
| २१००० | पारिश्रमिक / सुविधा | | ९,८७,१४,४८१.८५ | ० | ९,८७,१४,४८१.८५ | ८,९७,०३,८१६.१९ | ० | ८,९७,०३,८१६.१९ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | ९,४२,५३,६८६.४१ | ० | ९,४२,५३,६८६.४१ | १०,१४,२२,१९०.९२ | ० | १०,१४,२२,१९०.९२ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | २,८०,१५०.०० | ० | २,८०,१५०.०० |
| २७००० | सामाजिकसुरक्षा | | ६८,२९,१८४.०० | ० | ६८,२९,१८४.०० | ७०,६५,६०२.०० | ० | ७०,६५,६०२.०० |
| २८००० | अन्यखर्च | | २४,८६,५१७.०० | ० | २४,८६,५१७.०० | ३०,८४,८९०.०० | ० | ३०,८४,८९०.०० |
| ४ | पूंजीगत | | १३,४२,११,५५२.०० | ० | १३,४२,११,५५२.०० | ११,०५,०८,३३४.०० | ० | ११,०५,०८,३३४.०० |
| ३१११० | भवनतथा संरचना | | ३,२७,८२,८९३.०० | ० | ३,२७,८२,८९३.०० | ३,१७,२६,७५१.०० | ० | ३,१७,२६,७५१.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४८,३४,६९५.०० | ० | ४८,३४,६९५.०० | ९८,६०,६८८.०० | ० | ९८,६०,६८८.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ३२,२५,८३०.०० | ० | ३२,२५,८३०.०० | १६,३६,६६०.०० | ० | १६,३६,६६०.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | ९,२२,२०,०२७.०० | ० | ९,२२,२०,०२७.०० | ५,८२,७०,६६४.०० | ० | ५,८२,७०,६६४.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | ३,५२,५८७.०० | ० | ३,५२,५८७.०० | ४१,०१,४००.०० | ० | ४१,०१,४००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११७० | पूँजीगतसुधार खर्च | | ७,९५,५२०.०० | ० | ७,९५,५२०.०० | ४९,१२,१७१.०० | ० | ४९,१२,१७१.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | | ३३,६४,९५,४२१.२६ | | ३३,६४,९५,४२१.२६ | ३१,२०,६४,९८३.११ | | ३१,२०,६४,९८३.११ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (३,००,२५,६०७.२८) | | (३,००,२५,६०७.२८) | (२८,६४,२०६.६८) | | (२८,६४,२०६.६८) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (७४,८२,३४७.०७) | | (७४,८२,३४७.०७) | ८३,२९,०३३.५० | | ८३,२९,०३३.५० |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | -९४०.४ | | -९४०.४ | | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (३,७५,०७,९५४.३५) | | (३,७५,०७,९५४.३५) | ५४,६४,८२६.८२ | | ५४,६४,८२६.८२ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | १०,०४,८०,२६५.२१ | | १०,०४,८०,२६५.२१ | ८,१४,७१,८८६.३४ | | ८,१४,७१,८८६.३४ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ६,२९,७२,३१०.८६ | | ६,२९,७२,३१०.८६ | ८,६९,३६,७१३.१६ | | ८,६९,३६,७१३.१६ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ । यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।